# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


पत्र संख्या:

चलानी नं.: ४२५४

मिति: २०७८।०२।१७

**कोभिड-१९ संक्रमण जोखिमका अवस्थामा अत्यावश्यक बाहेक पेशा व्यवसाय सञ्चालन नगर्ने बारेको अत्यन्त जरुरी सूचना ।**

कोभिड-१९ दोस्रो लहर संक्रमणका कारण बनेपा नगर क्षेत्र समेत अत्यन्तै जोखिमपूर्ण अवस्थामा रहेको हुँदा भाइरस सक्रमणको शृङ्खला तोडि संक्रमणलाई न्युनिकरण गर्ने विषयमा मिति २०७८ साल जेष्ठ १६ गतेका दिन बसेको सरोकारवालाहरुको छलफल बैठकको सिफारिस समेतका अधारमा सोही दिन बसेको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम देहाय बमोजिम हुन सम्बन्धित सबैमा बनेपा नगपालिका हार्दिक अनुरोध गर्दछ ।

१. मिति २०७८ साल जेष्ठ १८ गते बिहानबाट लागु हुने गरी मिति २०७८ साल जेष्ठ २४ गते रातको १२:०० बजेसम्म प्रत्येक दिन बिहान ६:०० बजे देखि बिहान १०:०० बजेसम्मका लागि खाद्यान्न, तरकारी, दुग्धजन्य पदार्थ, फलफूल, ग्याँस पसल, खानेपानी आपूर्ति व्यवसाय र दाना तथा चल्लाको आपूर्ति गर्ने अत्यावश्यक व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण रुपमा पालना हुने गरी सञ्चालन गर्ने । तोकिए बमोजिमको समय बाहेकमा यस्ता व्यवसाय सञ्चालन गरेको पाइएमा कानून बमोजिम कार्वाही हुनेछ ।

२. बैंक तथा वित्तीय संस्थाहरुका हकमा आलोपालो सेवा प्रणालीमा अत्यावश्यक सेवा मात्र सञ्चालन गर्ने र बीमा कम्पनी तथा सहकारी संस्थाहरुले तोकिएको निषेध आदेश अवधिभर कार्यालय सञ्चालन नगर्ने ।

३. ठुला उद्योग तथा कारखानाको हकमा नेपाल सरकार उद्योग मन्त्रालयले जारी गरेको कोभिड-१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनु पर्ने स्वास्थ्य सुरक्षा मापदण्ड पालनाको अनुगमन सूचकहरुमा उल्लेख भए बमोजिमका मापदण्ड पुरा गरेर सञ्चालन गर्ने ।

४. अस्पताल तथा औषधी पसल, विद्युत तथा सञ्चार र फोहोरमैला व्यवस्थापन जस्ता अत्यावश्यक सेवा स्वास्थ्य सम्बन्धी आधारभूत मापदण्डहरुको परिपालना हुने गरी नियमित रुपमा सञ्चालन गर्ने ।

५. भिडभाड हुने शिक्षालय, नित्य पूजा बाहेक मठमन्दिर, पार्टीप्यालेस, होटल तथा रेष्टुरेन्ट, खेलकुद मैदान, जिमखाना, स्विमिङ पुल आदि सञ्चालन नगर्ने ।

६. अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्कने । घरबाहिर निस्कनु पर्दा मास्कको अनिवार्य प्रयोग गर्ने र समय समयमा साबुन पानी वा स्यानिटाइजरले हात सफा गरिरहने ।

७. सञ्चारकर्मी एवम पत्रकारहरुका हकमा सूचना विभागले जारी गरेको परिचयपत्रका आधारमा आवतजावत गर्ने ।

८. अत्यावश्यक काममा बाहेक निजी तथा सार्वजनिक सवारी साधन प्रयोग नगर्ने ।

९. माथि उल्लेखित बुँदाका अतिरिक्त जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०७८ जेष्ठ ११ गते जारी भएको निषेधाज्ञाको आदेशको पूर्ण रुपमा पालना गर्ने ।

२।१६

कविराज ज्योती
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


फोन नं.: प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com


Scanned by CamScanner